निर्णय:

१ प्रस्तावित १६ औं योजनाको प्राथमिकता र रणनीति एवं स्रोत साधनको उपलब्धता समेतका आधारमा प्रदेश तहसँग समेत समन्वय कायम हुने र आगामी वर्षको बजेट तथा कार्यक्रमसँग सामञ्जस्यता हुने गरी आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको मस्यौदा तयार पारी २०८० फागुन १५ गते भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

२ आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट कार्ययोजनामा समावेश भएको तर बजेट विनियोजन नभएको वा अपर्याप्त भएका क्रियाकलाप वा माइलस्टोन तथा यस आर्थिक वर्षमा पूरा हुन सक्ने र नसक्ने क्रियाकलाप र माइलस्टोनको विवरण पर्याप्त पुष्ट्याई सहित मिति २०८०/११/१० गते अपराह्न ५ बजे भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

३ नेपालको संविधानको धारा ५३ अनुसार नेपाल सरकारको सम्माननीय राष्ट्रपति मार्फत प्रतिनिधि सभा समक्ष पेश हुने प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरी सबै मन्त्रालय/निकायमा पठाएकोमा सो को राय/सुझाव प्राप्त हुन नसकेकोले मिति २०८०/११/१० गते अपराह्न ५ बजे भित्र उपलब्ध गराउने।

४ मिति २०८०/१०/८ को सचिव बैठकले बेरूजु फछ्र्यौटका सम्बन्धमा गरेको निर्णयको वस्तुगत र यथार्थपरक प्रगति विवरण फागुन ३० गते अपराह्न ५ बजे भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

५ मिति २०८०/१०/०८ को सचिव बैठकले निर्णय गरे अनुसार नयाँ निर्माण गर्नुपर्ने र संशोधन गर्नुपर्ने विधेयक संघीय संसदको चालु अधिवेशनमा प्रस्तुत गर्ने गरी उच्च प्राथमिकतामा राखी यही फागुन मसान्तसम्म नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने व्यवस्था मिलाउने।

६ नेपाल सरकारले २०८१ वैशाख १६ र १७ गते काठमाण्डौमा आयोजना गर्न लागेको लगानी सम्मेलनको लागि आ-आफ्नो मन्त्रालय/ निकायले गर्नुपर्ने तयारीलाई उच्च प्राथमिकतामा राखी आवश्यक कार्य गर्ने गराउने।

२०८०/११/८

मुख्य सचिव